महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
बैजनाथ गाउँपालिका, बाँके

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं:- १०४

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
बैजनाथ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।

विषयः— लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरूको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

स्थानीय तहको राय सहितको प्रतिवेदन

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: १०४

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
बैजनाथ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बैजनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ असार ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ७ करोड ४१ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ८६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६० लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. ८१ लाख ६३ हजार पेश्की बाँकी रु ५ करोड ९५ लाख ०७ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७८।०२।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश नभएकोले कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३४ (चौंतीस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 133
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बैजनाथ गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बैजनाथ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बैजनाथ गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १४१.४७ वर्ग किलोमिटर क्षेत्रफल तथा २९०४६ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं.	आयतर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी			१	चालु खर्च		२९७४४५७७३.०६
	क) नगद				क) गाउँपालिका	९३३८४९५२.७९	
	ख) बैंक	९७६६९०७९.६५	९७६६९०७९.६५		ख) सशर्त अनुदान	२०००६११४९.२७	
	ग) धरौटी	१६५८५५६.	१६५८५५६.		ग) प्रदेश सरकार हस्ताणतरण	३९९९६७१.	
२	राजस्व (आन्तरिक आय)						
	क) आन्तरिक राजस्व	२६८०३१७८.	१३६५७५६५८.४	२.	पूँजीगत खर्च		१७४७८०३६८.
	ख) संघीय राजस्व बाँडफाँड	७४९३४३७९.९७			क) गाउँपालिका	१५९२३२१४९.	
	ग) गत आवको संघीय राजस्व बाँडफाँड	५४४५६००.१८			ख) सशर्त अनुदान	४३६८१५९.	
	घ) जिल्ला समन्वय समिती	२७१६००००.			ग) प्रदेश सरकार हस्ताणतरण	१११८००६०.	
	ङ)) वन रोयल्टी	१७४७८०५.			घ) अन्य अनुदान	०.	
	च) अन्य आय स्रोत नखुलेको	४८४६९५.२५			ङ) फिर्ता रकम		१५३६८२९३.७३
३	वित्तीय हस्तान्तरण				१. संघीय सशर्त अनुदान चालु तर्फको फिर्ता	११९४८०२४.७३	
	क)वित्तीय समानीकरण अनुदान	१५५४००००० .	३७१७७३३३.		२. प्रदेश सरकारको सशर्त अनुदान पूजीगत फिर्ता	२०९७४६.	
	ख) सशर्त अनुदान	२१६३७७३३३.			३. प्रदेश सरकारको विशेष अनुदान चालुको फिर्ता	३२९.	
	ग) समपूरक अनुदान	०.			४. प्रदेश सरकारको विशेष अनुदान पूजगित को फिर्ता	३२१०१९४.	
	घ)) अन्य अनुदान	०.					
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२९५३६९८७.२३	३.	वित्तीय व्यवस्था भुक्तानी		
	क)वित्तीय समानीकरण अनुदान	४७६५०००.			क) ऋण भुक्तानी	0	

	ख) सशर्त अनुदान	८००००००.			ख) ब्याज भुक्तानी	0	
	ग) समपूरक अनुदान	०.			ग) अन्य भुक्तानी	0	
	घ) विशेष अनुदान	१०६०००००.		४.	**लगानी**		
	ङ) सवारी साधन कर	५९९२१८.			ऋण लगानी	0	
	च) मालमोत रजिष्टेशन शुल्क	५५७२७६९.२३			शेयर लगानी	0	
	छ)अन्य अनुदान				अन्य लगानी	0	
५	अन्तर स्थानीय तहबाट प्राप्त	0		५.	**धरौटी फिर्ता**	१९६१२२.	१९६१२२.
६	**वित्तीय व्यवस्था प्राप्ति**			६.	**कोष खर्च**		
	क) ऋण प्राप्ति	0			क) प्रकोप व्यवस्थापन कोष खाता खर्च	२५६०००६७.६६	३९११७७३१.६६
	ख) साँवा प्राप्ति	0			ख) बिभाज्य कोष खाता	१३५१७६६४	
	ग) ब्याज प्राप्ति	0		७.	**मौज्दात**		१५७३५७४८३.१७
	घ) अन्य प्राप्ति	0			क) नगद मौज्दात	.	१४७५३७१४६.५२
७	**विभिन्न कोषतर्फको आय**	0			ख) बैंक मौज्दात (संन्चित कोष)	११२४५६१९८.०३	
	क) प्रकोप व्यवस्थापन कोष खाता	३०२८६२१२.३४	४३८०३८७६.३४		ग) बैंक मौज्दात (चालु खाता)	२५१२५६९९.४९	
	ख) बिभाज्य कोष ष खाता	१३५१७६६४.			घ) बैंक मौज्दात (पूजिगत खाता)	९९५५२४९.	
८	जनसहभागिता (नगद)	0			ङ) बैंक मौज्दात (धरौटी कोष)	५१२८५६७.	
९	विषयगत निकायबाट प्राप्त रकम				च) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष)	४६९१७६९.६५	
१०	धरोंटी आय	३६६६१३३.	३६६६१३३.	८.	अन्य विविध व्यय		१५२७५०३२६.
११	लगानीको साँँवा फिर्ता	0			क) जेष्ठ नागरिक दीर्घ सेवा सम्मान कार्यक्रम	१३१०४१६००.	
१२	अन्य विविध आय				ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	१४८३००००.	
१३	क) जेष्ठ नागरिक दीर्घ सेवा सम्मान कार्यक्रम	१३१०४१६००.			ग) गरिवसंग विश्वश्वर कार्यक्रम	४८०५६२.	
	ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	१४८३००००.			घ) राष्टिय परिचय तथा पन्जीकरण विभाग	१२२०९९०.	
	ग) गरिवसंग विश्वेश्वर कार्यक्रम	४८०५६२.			ङ) कृषि उत्पादनखाद्य तथा पोषण कार्यक्रम	२१७९५००.	
	घ) राष्ट्रिय परिचय तथा पन्जीकरण विभाग	१२२०९९०.			च) सामाजिक सुरक्ष तथा संरक्षण (जेष्ठ नागरिक समेत)	२९९७६७४.	
	ङ) कृषि उत्पादनखाद्य तथा पोषण कार्यक्रम	२१७९५००.		९.	अन्य विविध दायित्व बाकी (चेक साट्न बाँकी	-१९४५७१.	-१९४५७१.
	च) सामाजिक सुरक्ष तथा संरक्षण (जेष्ठ नागरिक समेत)	२९९७६७४.	१५२७५०३२६.	१०.	गत आ ब को सामाजिक सुरक्षा वापतको रकम फिर्ता	५०२२००.	५०२२००.
					गत आ ब को दायित्व रकम फिर्ता	११४२२३.	११४२२३.
	जम्मा	८३७४३७९४९.६२	८३७४३७९४९.६२			८३७४३७९४९.६२	८३७४३७९४९.६२

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।१।१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :	
	वित्तीय विवरण विश्लेषण	
१	**वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रु. ५४५२३१ ले फरक देखिएको छ ।गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न बाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन लेखापरीक्षणमा पेश भएन । • **सञ्चित कोषको चौमासिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाब तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरू तालुक निकायहरूमा पठाउनु पर्दछ ।	

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२ **बैंक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकीन गनुपर्ने रु. ५६४२३१.००

सि.नं.	खाताको नाम	स्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	हिसाब मिलान रकम	फरक
१	संचित कोष	१११,९१८,५९७.०३	११२,४५६,१९८.०३		-५३७,६०१.००
२	विपद व्यवस्थापन	४,६८६,१४४.६८	४,७१२,७७४.६८		-२६,६३०.००
३	कर्मचारी कल्याण कोष		०.००		०.००
४	पुजिगत खाता	६,६९९,६९२.००	९,९५५,२४९.००	-३,२५५,५५७.००	०.००
५	चालु खाता	२८,१८३,२०६.१६	२५,१२५,६९९.४९	३,०५७,५०६.६७	०.००
६	धरौटी खाता	५,१२८,५६७.००	५,१२८,५६७.००		०.००
	जम्मा	३१३,२३२,४१३.७४	३१४,७५६,९७६.४०	-१९८,०५०.३३	-५६४,२३१.००

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा पुँजीगत खर्च खाता रु. ९९५५२४९.०० चालु खर्च खाताबाट रु. २५१२५६९९.४९ समेत गरी जम्मा रु. ३५०८०९४८.४९ मिति २०७७।४।२० र २२ गते मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंक बीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व

परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- अधिकांश सडक तथा कुलो-नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।
- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका

	आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको। • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६० जनाको दरबन्दी रहेकोमा ३२ मात्र पदपूर्ति भएको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १०४२७७२९.९० तलब खर्च लेखेको पाइयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	

	बजेट तथा कार्यक्रम	
५	**बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शारदा रेग्मी (विस्वकर्मा)ले मिति २०७६।३।९ गते रु. ५८ करोड १० लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२९ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६	**बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८	**नीति तथा मार्गदर्शनः** गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असार ९ गते गाँउसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्यनको लागि गाँउपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्: • कार्यसम्पादनका आधारमा कर्मचारीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । आवश्यक पर्ने कर्मचारीहरूको भर्ना करारमा लिनप्रचलित ऐन नियम र कानून अनुसार गर्ने । • कृषि पशुपालन पर्यटन घरेलु तथा साना उद्योग र सहकारी मार्फत आर्थिक सम्बृद्धिको लागी ढोका	

खोलिने भएकोले सो सम्बन्धी उद्यमशिलता लगानीमैत्री वातावरण तयार गर्दै स्वरोजगार बनाउँदै बेरोजगारको समस्या समाधान गर्ने ।

- कर्मचारी र जनप्रतिनिधि को क्षमता अभिवृद्धि लागि तालिममा विशेष जोड दिने । सो कार्यको गैरसरकारी संघसंस्थासँग सहकार्यमा अघि बढाउने ।
- पालिका स्तरीय गौरवका आयोजनाहरू संचालन गरिने ।
- सार्वजनिक स्थलहरूमा वृक्षारोपणका लागि अनिवार्य बिरुवा उत्पादन गर्ने ।

नीति तथा मार्ग दर्शनको कार्यान्वयन हुनु पर्दछ ।

९ **योजनाहरू कार्यान्वयन नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ५८ करोड १० लाख ५९ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल २८१ बटा योजनाहरू मध्ये यस वर्ष ६२ वटा योजनाहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. १० लाख भन्दा माथिका योजनाहरू देहाय अनुसार छन् ।

क्र स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन
१	कृषि फर्महरूलाई अनुदान प्रदान गर्ने	१०,००
२	खानेपानी/स्वच्छता सम्बन्धी विविध कार्यक्रम संचालन गर्ने	१०,००
३	गुनापुर देखि रामपुर हुदै गडरी सम्म बाटो	१५,००
४	घरेलु तथा साना उद्योग सम्बन्धि विविध कार्यक्रम	१०,००
५	जनता संग जन प्रतिनिधि कार्यक्रम	१०,००
६	डी पि आर	३५,००
७	प्रोफाइल निर्माण	१०,००
८	फोहोर मैला व्यवस्थापन कार्यक्रम	१५,७०
९	बधशाला कोहलपुरको लागि	१०,००
१०	बहुमुखी क्याम्पस संचालनको लागि	५०,००
११	बि पि मेमोरियल महायज्ञबाट प्राप्त रकममा ५०।५० प्रतिसत साझेदारी	१६,००
१२	मकैबारी देखि पहाडीपुर हुदै जब्दहवा डिउया सम्मको सडक कालोपत्रे	१,५०,००
१३	रत्न राजमार्ग देखि रतन बुढाको घर हुदै जनजागरण आधारभूत बिद्यालय सम्म कालोपत्रे	३०,००
१४	विभिन्न फर्महरूमा अनुदान	१०,००
१५	सफ्टवेयर खरिद तथा संचालन	२०,००
१६	होम पाइप तथा विधुत तार र पोल खरिद	१५,००
१७	रत्नराजमार्ग देखि रारा आधारभूत विद्यालय सम्म सडक कालोपत्रे गर्ने	२०,००
१८	राजिपुर मानखोला ट्टबन्धन निर्माण	१०,००
१९	जि गाउ ८९ न. देखी दक्षिण लाईन जाने बाटो स्तरउन्नती ।	१०,००
२०	कृषि सिंचाइका लागि बोरिङ पाइप बितरण गर्ने	१२,००

२१	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	१५,५८
२२	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	२७,६९

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

१० **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	२९७४४६	१०८३५३	२६५६०	१६२५३३	५४६९१
पूँजीगत खर्चतर्फ	१७४७८०	१५९१७	३८३०९	१२०६५४	६७७६०
जम्मा	४७२२२६	१२४२७०	६४८६९	२८३१८७	१२२४५१
प्रतिशत		२६.३२	१३.७४	५९.९७	२५.९३

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ४७ करोड २२ लाख २६ हजार कूल खर्च भएकोमा प्रथम चौमासिकमा रु.१२ करोड २४ लाख ७० हजार २६.३२ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ४८ लाख ६९ हजार अर्थात १३.७४ प्रतिशत र तेश्रो चौमासिकमा रु.२८ करोड ३१ लाख ८७ अर्थात ५९.९७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रु.१२ करोड २४ लाख ५१ हजार अर्थात २५.९३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वा र्षकवजेट	खर्चरकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४०३१०७५४.००	२२५८२९३१.००	५.८८
सामाजिक क्षेत्र	३२१५१२४००.००	२१६६४२०२८.५०	५६.४५
पूर्वाधार विकास क्षेत्र	१४४९३३५१९.६५	५६०४८६०६.००	१४.६१
सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र	१६६२४१९४.००	१०२४३०३२.००	२.६७
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१३९०४७३०६.००	७८२३६५५९.७३	२०.३९
जम्मा	६६२४२८१७४.००	३८३७५३१५७.००	१००.००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५६.४५ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा २.६७ प्रतिशतबजेट विनियोजन गरेको छ ।

१२ **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. २ करोड ६८ लाख ३ हजार गत वर्षको मौज्दात रू. ९ करोड ७६ लाख ६९ हजार र अनुदानबाट रु. ४० करोड १३ लाख १४ र अन्तर सरकारी अख्तियारीबाट रू. १० करोड ९७ लाख ७३ हजार समेत रू.६३ करोड ५५ लाख ५९ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २९ करोड ७४ लाख ४६ हजार र पूँजीगत तर्फ रु. १७ करोड ४७ लाख ८० हजार समेत रु. ४७ करोड २२ लाख २६ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ५.६८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू. ५४ लाख १ हजार खर्च भएको छ जुन आन्तरिक आयको २४.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३ प्रतिशत चालु र ३७ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र वार्षिक स्तरक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । बजेट खर्चको आधारमा देहाय अनुसार प्रगति भएको विवरण पेश भएको छ ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**			
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**
कार्यक्रम संख्या	३९७	८५	२०	३७	४५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजना कुल ३९७ वटा कार्यक्रम सञ्चालन गरेका मध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा वार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।

१४ **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २८ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो चौमासिकमा १४ वटा र तेश्रो चौमासिकमा १४ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१५ **खरिद कार्यमा प्रतिस्पर्धाको स्थितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष २८ वटा निर्माण तथा खरिद कार्य ठेक्का मार्फत गरेको छ । उक्त मध्ये ५० प्रतिशत भन्दा घटीमा ठेक्का सम्झौता भएका ३ ठेक्का, ४० प्रतिशत भन्दा घटीमा ८ वटा ठेक्का र ३० प्रतिशत भन्दा

घटीमा १५ वटा ठेक्का सम्झौता भएको देखिन्छ । कार्यालयले यस वर्ष ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका २ वटा ठेक्का देहाय अनुसार छन् ।

क्र.सं.	कार्यक्रमको नाम	ठेक्का नंबर	बोलपत्र बिक्री सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	स्वीकृत रकम	घटी प्रशिशत
१	सडक	BRM/NCB/SQ/WORKS /28-076/77	१	१	८९८	८८३	१.६९
२	सडक	BRM/NCB/SQ/WORKS /23-076/77	१	१	९१७	८९१	२.९०

संगठन तथा कर्मचारी ब्यवस्थापन

१६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रशाकीय अधिकृत सहित ४३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर प्रा.स., आ.ले.प. सहायक १२ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा २८ जना कर्मचारीहरू करारमा राखी रु.९६२३५००।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु ५९२४७५०।- भुक्तानी गरेको अनियमित देखिएको रु. ५९२४७५०.००

१८ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रू. ७२४८०३।— प्रोत्साहन भत्ता खर्च गरेको छ ।

कार्यालयको भनाईः कोभिड व्यवस्थापनमा खटने कर्मचारीलाई निर्देशिका अनुसार उक्त रकम खर्च लेखेको भन्ने कार्यालयको भनाई रहेको छ ।

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२० **सेवाप्रवाहको स्थिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १४ वटा ऐन, २ वटा नियमावली र १३ बटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट एकीकृत घरनक्सा दर्ता पास ११३ वटा, जन्म मृत्यु दर्ता १०८४ वटा, मृत्यु दर्ता २९८ वटा, बसाइँसराइ २५७ वटा, विवाह दर्ता ३०८ वटा र सम्बन्ध विच्छेद दर्ता १४ वटा गरेको विवरण प्राप्तभएको छ । पालिकाले पूर्वाधार विकासमा ६७.२५ प्रतिशत बजेट खर्च गरेकोमा भएपनि कालोपत्रे सडक निर्माण ५७०० मिटर, ग्राभेल सडक निर्माण १८७८ मि. र ग्राभेल सडक मर्मत २४८९८ मि. बनाएको विवरण पेश गरेको छ ।

२१ **योजना छनोट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
५	५	२६	२८	४७	१११

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु एक लाख देखि १० लाख सम्मका जम्मा ६४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ३६ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

२२ **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह

	सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, २ वटा नियमावली, १३ वटा कार्यविधि, ४ वटा निर्देशिका लगायत ३५ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।	
२३	**न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १०१ विवाद दर्ता भएकोमा उक्त व्यवस्था अनुसार पुरै फछ्र्यौट भएको विवरण पेश भएको छ।	
२४	**निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वियन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाखा र कुखुरा लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
२५	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२६	**आन्तरिक लेखापरीक्षण शाखा :**प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
	पदाधिकारी सुविधा	
२७	पदाधिकारी सुविधा – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको	

मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरू खारेज गरेको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनुसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरूले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.१०५२०००।- खर्च लेखेको देखिन्छ ।

सि.नं.	विवरण	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष ८ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २६	जम्मा
१	मासिक सुविधा	६००००	५४०००	३२००००	२४००००	३७८०००	१०५२०००

२८ **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५४४९१२०।०० सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/	उपप्रमुख/	वडाअध्यक्ष ८ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २६
१	बैठक भत्ता					
२	सवारी इन्धन	१२०६०	१२०६०			
३	मोबिल	६२५	६२५			
४	यातायात खर्च	१२०००	०	०	१००००	३०००
५	पत्रपत्रिका इन्टरनेट	४००००	४०००	३०००	३०००	२०००
६	टेलिफोन मोबाइल रिचार्ज	३५००	३०००	३०००	३०००	२५००
७	अतिथि सत्कार	६०००	५०००	४०००	४०००	०
८	जनसम्पर्क	१००००	८०००	६०००	६०००	३०००
९	खानेपानि सरफाइ	५०००	५०००	२०००	२०००	०
१०	मर्मत संभार	५०००	५०००	२०००	२०००	०
११	चाडपर्व खर्च	०	०	०	०	०
	१० महिनाको	५४४९१२०				

२९ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१२ लाख खर्च गरेको छ ।

अनुदान फिर्ता, वितरण र उपयोग

३० **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रु

१९९४८०२४.७३ र प्रदेश सरकारको ३४२०२६९।— रु समेत जम्मा रु १५३६८२९३.७३ फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२१६३७७३३३	२०४४२९३०८.२७	११९४८०२४.७३
	विषेश			
	समपुरक			
	अन्य			
प्रदेश सरकार	शसर्त	८००००००	७७९०२५४	२०९७४६.००
	विषेश	१०६०००००	७३८९४७७	३२१०५२३.००
	समपुरक			
	अन्य			
	जम्मा	२३४९७७३३३	२१९६०९०३९.२७	१५३६८२९३.७३

३१ **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकीन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

भौ.नं. र मिति	कार्यक्रम	रकम	कैफियत
३२९—२०७७।३।३१	विद्यालय सञ्चालन अनुदान (जनता आदर्श मा.वि.	३००००००	प्रगति नखुल्ने
३१६—२०७७।३।२९	हेफर प्रोजेक्ट (बाखा पालन)	४१४१०६८	,,

३१.१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विद्यालय सञ्चालन अनुदान वापत जनता आदर्श मा.वि.लाई रू. ३० लाख खर्च लेखको छ । उक्त रकम कुन प्रयोजनमा खर्च भयो भन्ने खुल्ने गरी विद्यालयले प्रगति विवरण तथा वील भर्पाई पेश नगरेकोले पालिकाबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न नसकिएको रू. ३००००००.००

३२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना छनोटको आधारमा परीक्षाण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, व्यक्ति, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. १६८७९९९.०० भुक्तानी दिएको पाइयो ।

भौ.नं. मिति	भुक्तानी पाउनेको नाम	प्रयोजन	रकम
४–२०७६।५।२७	विभिन्न २ जना	राहत	१००००.००
५–२०७७।५।२७	विभिन्न ४ जना	राहत	५२५००.००
८–२०७७।५।३१	सत्यवती गा.पा. गुल्मी	बाढी पिडित	३५०००.००
१३–२०७७।६।१४	विभिन्न ५ जना	राहत वितरण	१०१०००.००
४८–२०७६।८।१५	निश वहादुर थापा	,,	१०४५०.००
७०–२०७६।१०।११	कन्हैलाल थारू	,,	१००००.००
८७–२०७६।१०।२३	गा.पा. स्तरीय खेलकुद	खेलकुल	५१०००.००
८१–२०७६।१०।१६	अमृता रजाली	राहत वितरण	५०००.००
११०–२०७६।११।५	दाउराको लागि रकम	टोलटोलमा आगो बाल्न	१९६००.००
११३–२०७६।११।७	विभिन्न १७ जना	आर्थिक सहायता	७३६००.००
११२–२०७६।११।७	सामुदायिक बन	दाउराको लागि रकम	१५०००.००
१३६–२०७६।११।२३	गा.पा. स्तरीय खेलकुद	खेलकुल	६०००००.००
१३८–२०७६।११।२३	लोक सेवा कक्षा सञ्चालन	दलित लक्षित	४४९८६०.००
१३९–२०७६।११।२८	शिवालय युवा क्लव	खेलकुल	५००००.००
१५९–२०७६।१२।२९	राहत भुक्तानी	कर्मचारीको निधन	५००००.००
१८३–२०७७।१।१६	जितेन्द्र लामिछाने	जनचेता फैलाउन	५००००.००
१७३–२०७७।१।८	दाउराको लागि रकम	टोलटोलमा आगो बाल्न	१५०००.००
१९०–२०७७।१।३०	नालामा डुबेर मर्नेको परिवार	राहत वितरण	५००००.००
२७८–२०७७।३।२२	हित बहादुर घर्ती	,,	५०००.००
२७७–२०७७।३।२२	नारायण थारू	,,	१६९८९.००
३९९–२०७७।३।३०	विभिन्न ३ जना	आर्थिक सहायता	९०००.००
३१५–२०७७।३।२९	विभिन्न २ जना	,,	९०००.००
जम्मा			१६८७९९९.००

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३३ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ४७ लाख ८० हजारपूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३४ **सवारीसाधन खरिद-** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान जीप खरिदमा रु.३९१९०००।- बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधान उपयोग गर्नु पर्दछ ।

कर दस्तुर एवं आन्तरिक आय

३५ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. २ करोड ६६ लाख अर्थात अनुमान भन्दा ६.४१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३६ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०१३१४३२०.२३	२६६०३१७८.००	६.६३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.६३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
११३१३ -एकीकृत सम्पती कर	३५०००००.००	९१३८५.००	२.६१
११३१४ -भूमिकर/मालपोत	१०२०००००.००	९५४२६५२.२०	९३.५६
११३२१ -घरवहाल कर	१५००००.००	४००७४८३.९७	२६७१.६६
११३२२ -वहाल विटौरी कर	२०००००.००	६१४७६५.००	३०७.३८
११६११ -व्यवसायले भुक्तानी गर्ने	२००००.००	४०००.००	२०.००
११६९१ -अन्य कर	७९२००००.००	५४८०१२८.९५	६९.१९
१४२४२ -नक्सापास दस्तुर	२००००००.००	४५९१६७.४८	२२.९६
१४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर	१०००००.००	३०००.००	३.००
१४२६५ -अन्य क्षेत्रको आय	९१००००.००	६६००५९५.४०	७२५.३४
जम्मा	२५००००००.००	२६६०३१७८.००	१०७.२१

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३८ **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानून अनुसार बाँडफाँड हुने गरेकोमा उक्त

दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरूको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरूले तर्जुमा गरेका कानूनहरू संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनुसार नै गर्नु पर्दछ। त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टी, ढुङ्गा, बालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।

३९ **वहाल कर:** अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजस्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । तर उक्त व्यवस्था वाहेकको पालिकाले पटके रूपमा असुल गरेको देहाय अनुसारको बहाल कर गाउँपालिकको संचित कोषमा जम्मा गरेको रकम संघीय संचित कोष खातामा दाखिला गर्नु पर्ने रू. २३५४०१.००

बजेट शीर्षक	गो भौ नं./ मिति	रकम
गा.पा. पूँजीगत	५३–२०७६।८।३०	९३४५.००
,,	१०४–२०७६।११।१	५७२९४.००
,,	१४३–२०७६।११।३०	८९३३५.००
,,	१९२–२०७७।१।३१	७९४२७.००
जम्मा		२३५४०१.००

४० **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४१ **मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनै पनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकीन गरी असुल गर्नुपर्दछ ।

४२ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ४ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन

	गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
४३	**रितपूर्बकको कर बिजक** –मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । फोटोकपी बीजकको आधारमा देहाय अनुसारका निर्माण व्यवसायीहरूलाई मु.अ.कर रु ६४५९१०.२० समेत रु. ५६१४४५०.०० भुक्तानी गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयीले रितपूर्वकको कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	६४५९१०.२०

भौ.नं. र मिति	**काम**	**निर्माण व्यवसायी**	**भुक्तानी रकम**	**मू.अ.कर रकम**
३९–२०७६।८।९	बाटो निर्माण	एम.के. कन्ष्ट्रक्सन	५६१४४५०.००	६४५९१०.२०

	कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	
	उपभोक्ता समिति मार्फत कार्य	
४४	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
४५	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, बाटो कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यस प्रकार रहेका छन् :	

गो.भौ.नं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**
१०–२०७६।६।२	टिटिहिरिया कालोपत्रे सडक	सडक कालोपत्रे	१४६५४०७.००
१७–२०७६।६।१५	रिङरोड पिच बाटो निर्माण	,,	१४५५०००.००
१५७–२०७६।१२।१६	सडक कालो पत्रे	,,	२३४३१२५.००

नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सशर्त कार्यक्रमतर्फ

४६ **शिक्षक दरवन्दी र पदपूर्ति** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	श्री ज्योति आ.वि. गडरही	५	५	१	१६१
२	श्री ने.रा.मा.वि. ओरीलालपुर	१०	१०	०	५३२
३	श्री सम्झना आ.वि. सम्झनाबजार	४	४	०	१७०
४	श्री सुन्दर आ.वि छमनियाँ	३	३	०	१९३
५	श्री ने.रा.मा.वि., गुरुवागाउ	८	८	०	४७०
६	श्री सिंह भवानी आ.वि. बनकटवा	७	७	०	२३२
७	श्री ने.रा.मा.वि., पेडारी	१३	१३	०	४७१
८	श्री प्रभात मा.वि., जी गाउँ	१७	१७	१	५२१
९	श्री इश्वरी मा.वि., एच गाँउ्	१२	१२	१	३४९
१०	श्री सुर्योज्योति प्रा.वि., परसरामपुर	२	२	१	६४
११	श्री गुरुकुल गायत्री विद्या पिठ, गुरुवागाउ	०	०	०	१०४
१२	श्री जनजागरण आ.वि., करेली	३	३	०	१८१
१३	श्री दहित आ.वि., च्यामा	५	५	०	२०१
१४	श्री रारा आ.वि., चिसापानी्	५	५	०	३१०
१५	श्री सुर्येदय मा.वि., चिसापानी	१७	१७	०	१०१७
१६	श्री सरस्वती प्रा.वि.द. लधौरा	२	२	०	१०३
१७	श्री सरस्वती आ.वि., पितमारी	७	७	०	३२६
१८	श्री सरस्वती आ.वि., बैरहवा	४	३	०	४२८
१९	श्री ने.रा.प्रा.वि., दाङपुर्वा	३	३	०	७२
२०	श्री वि.पि.मेमोरियल मा.वि., बानियाभार	८	८	०	५१७
२१	श्री ने.रा.मा.वि., नौवस्ता	११	११	०	५३१
२२	श्री ने.रा.मा.वि. नौलापुर	६	६	०	४२५
२३	श्री जनता आदर्श मा.वि., जब्दहवा	१८	१८	०	१०७४
२४	श्री ने.रा.प्रा.वि.,कलरामपुर	४	३	०	७१
२५	श्री समावेशी मा.वि., तिलकपुर	७	७	०	५५३
२६	श्री बागेश्वरी मा.वि. गाभर	१३	१३	०	५५०
२७	श्री संविधानसभा प्रा.वि.	१	१	०	४८
२८	श्री दिलरम प्रा.वि., नौवस्ता	१	१	०	५६
२९	श्री अमरज्योति प्रा.वि.	०	०	०	७५
३०	श्री सरस्वती प्रा.वि.करेलीभाग्रा	३	३	०	१३१
३१	श्री शंकर मा.वि. थपवा	१२	१२	०	२५९
३२	श्री लक्ष्मी प्रा.वि गुरदयालपुर	२	२	०	५०
३३	श्री जन सहयोगी प्रा.वि.	४	४	१	१८६

३४	श्री दुर्गा आ.वि., पिपरी	६	६	२	३९५
३५	श्री भगवती मा.वि., हसनापुर	१२	१२	०	८३०
३६	श्री ने.रा.मा.वि. टिटिहिरिया	९	९	०	२४८
३७	श्री सुभानुल उलुम मदरसा, बर्गदही	०	०	०	१८१
	जम्मा	२४४	२४२	७	१२०८५

४७	विद्यालयगत निकासा रजिष्ट्रर –अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।	
४८	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १५ लाख ८० हजार तलब भत्ता भुक्तानी गरेको पाइयो ।	
४९	कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न २.७.१३.८ प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदानमा राष्ट्रिया परीक्षा बोर्डबाट विकास गरीएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शनसमेतका आधारमा परीक्षा सञ्चालनका लागि प्रति विद्यार्थी रु २०० अनुदान दिने व्यवस्था रहेको छ । गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी संख्या जम्मा ११९५ रहेको फ्ल्यास रिपोटले देखाउछ । प्रति विद्यार्थी रु २०० मा जम्मा अनुदान रु २३९००० हुनेमा परीक्षा व्यवस्थापनको लागि गाउँपालिकाले रु ३९७७६० निकासा गरेको छ ।निर्देशिका विपरित बढी निकासा गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।	
५०	**ग्रेड भुत्तानीः—** कार्यालयले विद्यालय शिक्षक कितावखानाले पारित गरेको तलबी प्रतिवेदन अनुसार शिक्षकहरूको तलबभत्ता भुक्तानी गर्नुपर्दछ । शिक्षक किताबखानाको पारित तलवि प्रतिवेदन अनुसार श्री सूर्योदय माध्यामिक विद्यालय चिसापानीका शिक्षक श्री धनश्याम रेग्मीलाई ग्रेड रकम उपलव्ध नपर्नेमा रु.१२०० उपलव्ध गराएकोले पारित गरेको ग्रेड भन्दा रु.१२००। बढी भुक्तानी भएकोले कर्मचारी सञ्चयकोष थप र चाडवाड खर्च समेत रु.१५८४० बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.	१५८४०.००
५१	**बढी निकासा :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.१.१.३.४ अनुसार स्थानीय निकायले कार्यरत शिक्षकको तलब भत्ता यकीन गरी सोही अनुसार विद्यालयबाट प्राप्त मागफारामको रुजु गरी रकम निकासा गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा गो.भौ.नं. ५-२०७६।६।२ बाट ने रा प्राथमिक विद्यालय कमरापुरको पहिलो चौमासिकमा माग फारम अनुसार रु ५३३३३६ हुनुपर्नेमा रु	११७०९४.००

	६५०४३० निकासा भएकोले माग भन्दा बढी रु ११७०९४ निकासा भएको पाइयो ।यस सम्बन्धमा कार्यालयले छानविन गरी बढी निकासा रकम सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.	
५२	**निःशुल्क पाठ्यपुस्तकः** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि विद्यालयलाई गो.भौ.नं. ८६-०७७/१/७ बाट रु.३८९८१५९ र भौ.नं. १८१-०७७/३/३१ बाट रु १९५७३१७ गरी रु.५८५५४७६ अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूची मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।	
५३	**कम करकट्टीः** १५८–२०७७।३।२१ आयकर ऐन २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कोभिड १९ बाट भएको शैक्षिक क्षति न्यूनीकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रमका लागि कृष्णसार एफ एममा रेडियो स्कुलिङ्ग कार्यक्रम संचालन गर्नको लागि रु १३०००० भुक्तानी गरेको छ । नियमानुसार लाग्नुपर्ने रु १९५०० करमा जम्मा रु १९५० मात्र कट्टी गरेकोले नपुग रकम असुल गर्नुपर्ने रु	१७५५०.००
५४	**स्यानिटरी प्याडः** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने स्यानिटरी प्याड निशुल्क उपलब्ध गराउन बोलपत्रको माध्यमबाट छनौट गरी धन लक्ष्मी इन्टरप्राइजेजबाट गो.भौ.नं.१७८-२०७७।३।३० बाट प्रति प्याड रु.२५ (मूअकर वाहेक) का दरले रु.२१२५६९९।५ (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्	
	(क) लागत अनुमानको आधार नखुलाएको : कार्यालयले १ प्याकेटको अधिकतम खरिद मूल्य रु.३५ मूअकर)वाहेक का दरले (७५२४६ प्याकेटको रु.२९७५९७९.३ लागत अनुमान तयार गरेकोमा सोको कुनै आधार खुलाएको छैन । सार्वजनिक खरिद ऐन नियमावलीमा भएका व्यवस्थाहरूको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी , पारदर्शी हुन नसक्ने भएकाले ऐन नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ ।	
	(ख) वर्षान्तमा ठेक्का सम्झौता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ ।कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ १४ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।	

कार्यक्रम	खरिद विधि	सूचना प्रकाशन	सम्झौता मिति	आपूर्तकको नाम	सम्पन्न मिति
सेनिटरी प्याड	बोलपत्र	०७७ वैशाख ३०	०७७।३।२	धन लक्ष्मी इन्टरप्रोईजेज	०७७।३।२६

	(ग) वितरण नगरी मौज्दात राखेको :कार्यालयको जिन्सी खातामा स्यानिटरी प्याड ७५२४६ प्याकेट आम्दानी जनाएकोमा कार्यालयले २६ वटा विद्यालयलाई ५३९०४ प्याकेज स्यानिटरी प्याड वितरण गरेकामा २१३४२ थान वितरण नगरी मौज्दात राखेको छ । कार्यक्रम अनुसार सम्बन्धित सामुदायिक विद्यालयलाई स्यानिटरी प्याड वितरण गरी प्रमाण पेश गर्नुपर्ने रु.	६०२९११.००

५५	**औषधि खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर कोभिड व्यवस्थापन समेतको रु. १७ लाख ५० को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	
५६	कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ३२०१०००।— भएकोमा खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. १५९७१४३।- खर्च भएको देखिन्छ । खर्च रकम मध्येबाट सडक निर्माण ६ वटा, उर्जा, सिंचाई तथा नदी नियन्त्रण १ वटा निर्माण भएको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः	
५७	रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २२३ जनाले निवेदन दिएकामा जम्मा २२३ जना छनोट भएको प्रतिवेदन गाउँपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ६ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी दिएको छ । ६ वटा वडामा सञ्चालित कार्यक्रममा २९८० जनालाई दैनिक ५१७ को दरले जम्मा ७ देखि २२ दिनसम्म रोगजारी दिएको पाइयो । खर्च रकम विनियोजित रकमको ५६.७६ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको सतप्रतिशतले लाभ पाएको देखियो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।	
	समानीकरण पूँजीगत तर्फ	
५८	**कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व	

	२०७६/७७ मा कन्टिन्जेन्सी बापत रु ३७ लाख ७१ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये पुरै खर्च भएको विवरण पेश गरेछ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा राखेको छैन । यसमा सुधार हुनु पर्दछ ।	
५९	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था दिखएन ।	
६०	**सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु ३९५९५२।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
६१	**गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।	

भौ.नं. मिति	निर्माण कामको विवरण	भुक्तानी	कामको प्रकृति
१४५—२०७६।१२।२	ढल निकास निर्माण	८०००००.००	उपभोक्ता समिति
१५७—२०७६।१२।१६	सडक कालो पत्रे	२३४३१७५.००	,,
२१७—२०७७।२।२२	भ्यू टावर निर्माण	१२०७०४९.००	,,
२६७—२०७७।३।१८	पक्की कल्भर्ट	१३०००००.००	,,
२७६—२०७७।३।२१	बाटो कालोपत्रे	१४२६७६६.००	निर्माण व्यवसायी
२७५—२०७७।३।२१	बाटो कालोपत्रे	१६९२२५३०.००	निर्माण व्यवसायी
२८२—२०७७।३।२३	,,	१२०००००.००	उपभोक्ता समिति

६२	**मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम,	

प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण/परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

गो.भौ. र मति	मालसामानको नाम	भुक्तानी रकम	बिक्रेता
५६–२०७६।९।२	प्रिन्टर	१७००००.००	टेक्नो लिङ्क इन्टरप्राइजेज सेन्टर
१०२–२०७६।१०।२९	फर्निचर	२८०९००.००	एस.एच. फर्निचर
१६४–२०७६।१२।२३	हेभी वेड (क्वारेन्टिन)	१४०६०७.००	,,
,,	कम्प्युटर तथा ल्यापटप	४९१३८९.००	ए.एच.बी. ट्रेड प्रा.लि.

६३ देहायका भौ.नं. र मितिबाट ह्युमपाइप खरिद गरेको देखियो । खरिद गरी जडान नगरेको कारणले बजेट निश्कृय रहेको अवस्था छ । उक्त परिमाणको ह्युम पाइप आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु. ८५०९६३.००

गो.भौ. र मति	बिक्रेता	भुक्तानी रकम
१८–२०७६।७।३	उप्रेती पोल एण्ड पाइप इण्डस्ट्रिज	१६७२९६.००
५२–२०७६।८।२९	,,	७९८०५.००
२३०–२०७७।२।३०	न्यू बागेश्वरी सप्लायर्स	२५९४२४.००
,,	बागेश्वरी पाइप एण्ड विद्युत पोल उद्योग	३४४४३८.००
जम्मा		८५०९६३.००

६४ **बीमा नगराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम विमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । यस प्रयोजनको लागि निर्माण व्यवसायीले सोही रकम कवुल गरी ठेक्का सम्झौता समेत गरेकोमा देहाय अनुसारका कार्यमा निर्माण कार्यको रनिङ विल भुक्तानी हुँदा समेत कुनै पक्षको पनि विमा गराएको पाइएन । ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगावै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरू अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरू देहाय बमोजिम छन्ः

	<table><tr><th>ठेक्का नं.</th><th>निर्माण ब्यवसायीको नाम</th><th>कार्य</th><th>रनिङ बील</th><th>लागत अनुमान</th><th>वीमाको रकम</th></tr><tr><td>९—२०७५।७६</td><td>एम.एस. कन्ष्ट्रक्सन</td><td>बाटो कालोपत्रे</td><td>अन्तिम</td><td>२४३५१४५</td><td>८०००</td></tr><tr><td>१२—२०७५।७६</td><td>बी.एल.एन. कन्ष्ट्रक्सन</td><td>बाटो कालोपत्रे</td><td>अन्तिम</td><td>४१२९२४९</td><td>८०००</td></tr><tr><td>१०—२०७५।७६</td><td>,,</td><td>,,</td><td>,,</td><td>१०८२२३७९</td><td>६०००</td></tr><tr><td>६—२०७५।७६</td><td>एम. के. कन्ष्ट्रक्सन</td><td>,,</td><td>,,</td><td>१९४८२४६६.७५</td><td>१००००</td></tr><tr><td>११—२०७५।७६</td><td>जय मा बागेश्वरी निर्माण</td><td>,,</td><td>,,</td><td>४५४६४६५</td><td>९५००</td></tr></table>	
६५	**विद्युत विस्तार —**३४-२०७७।३।३१ सवै नागरिकहरूलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरूबाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरूले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क लिने समेत गर्दछ । साथै विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले गर्नुपर्नेमा विद्युत विस्तारको लागि यस वर्ष वार्ड नं. ५ मा विद्युत लाइन विशतार कार्यको लागि रू. ४२८२३०।— भुक्तानी दिएको छ । अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउंपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय नगरेको तथा लागत अनुमान यथार्थपरक नदेखिनुका साथै कामको भुक्तानी सम्बन्धमा यकीन गर्न नसकिएको रु.	४२८२३०.००
६६	**एज विल्ट नक्सा —**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । साथै निर्माण व्यवसायीहरूसँग भएको सम्झौताको दफा ५६.१ र ५६.२ मा निर्माण व्यवसायीले निर्माण सम्पन्न भएपछि एज बिल्ट ड्रइग पेश गर्नु पर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष सम्पन्न भएका ठेक्काहरूको एज बिल्ट ड्र्इङ पेश नभएको अवस्था छ । यसमा सुधार गर्नु पर्दछ ।	
	समानीकरण चालुतर्फ	
६७	हेल्प डेस्क संचालनः पालिकाले वातावरण तथा ग्रामीण विकास केन्द्र, बाँकेसँग पालिकाको केन्द्र र ८ वटै वडामा हेल्प डेस्क सञ्चालन गर्न भनि रु.१९९८०००।०० मा सम्झौता गरी रकम भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा लागत अनुमान बेगर खरिद विधि अनुसार छनौट गर्नुपर्नेमा कार्यपालिकाको निर्णयको आधारमा सोझै सम्झौता गर्नु सार्वजनिक खरिद ऐन, नियम विपरित देखिएको रु.	१९९८०००
६८	**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्। • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो	

	वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
६९	**प्रतिवेदनः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिकवार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन ।	
७०	**पारद र्शताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्नेचौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनाउन आवश्यक छ ।	
७१	**सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
७२	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैंकहरूले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसूची १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ । यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैकहरूले सो अनुसूची गाँउपालिकामा पठाएको पाइएन । जसले गर्दा पेश्की दिएको रकम मध्ये कति वितरण भई कति बाँकी रहेको छ भनी यकीन हुन सकिएन ।	
७३	**तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र	

	बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।	
७४	**भत्ता विवरणको अनुगमनः** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
७५	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी व्यक्ति तथा संस्थाले यस नियमावलीमा तोकेको म्याद भित्र पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षाको रकम विभिन्न बैंकलाई प्रदान गरिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट गरेको नपाइएकोले नियमानुसार फछ्यौंट हुनुपर्ने रू.	५७८५४८००

सि न	बैक	रकम
१	कुमारी बैंक लि चिसापानी शाखा	१७०१९०००
२	एन आई सी एसिया बैंक कोहलपुर शाखा	१००९६४००
३	एन आई सी एसिया बैंक बैजनाथ शाखा	१४४३४२००
४	कामना सेवा विकास बैंक कोहलपुर शाखा	७४३५०००
५	कुमारी बैंक लि. सम्झना शाखा	६५७०६००
६	कामना सेवा विकास बैंक बैजनाथ शाखा	२२९९६००
	जम्मा	५७८५४८००

७६	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ८ स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको नमुनाको सि.न. ६ मा गाँउपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने छ भनी उल्लेख भएकोमा बैंकले रकम बुझेको लामो अवधिसम्म पनि सहित बाँकी रकम पालिकालाई फिर्ता गरेको देखिएन । पालिकाले बैंकलाई पेश्की उपलब्ध गराएपछि कार्यविधिले तोकेको अबधि र फछ्यौट अबधिबीचको अन्तर धेरै भएको देखियो । कार्यविधिले तोकेको अबधिमा पेश्की फछ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
७७	अपाङ्गता शसक्तीकरण एंव संचार केन्द्र बाँकेले गाँउपालिकामा पेश गरेको कार्यक्रम प्रस्तावमा भान्से १, स्याहारकर्ता २ र व्यवस्थापन तथा फिजियोथेरापीका लागि १ जना गरी जम्मा ४ जनालाई १३ महिनाको प्रतिजना रू. १५०००।- का दरले प्रस्ताव गरेको पाइयो । केन्द्रले गरेको खर्च कागजातमा उपरोक्त ४ जनाका साथै १ जना (व्यवस्थापन संयोजक) लाई प्रतिमहिना रू. २००००।- का दरले १२ महिनाको रू. २४००००।- खर्च लेखेको पाइयो । एकै पदका लागि २ जना व्यक्तिलाई पुन मासिक पारिश्रमिक भुक्तानी लेखेको पाइयो । केन्द्रले प्रस्तावनमा उल्लेख गरेको भन्दा बढी व्यक्तिलाई पारिश्रमिक उपलब्ध गराएको नियमसंगत नभएको रु	२४००००.००

७८	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-	
७९	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ३ परियोजना सञ्चालन गर्न रु.१ करोड ४८ लाख बजेट प्राप्त भएकोमा रु. १ करोड ४८ लाख खर्च भई १०० प्रतिशत वित्तीय प्रगति प्राप्त भएको देखिन्छ ।	

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
सार्वजनिक निर्माण	३	१४८३००००	१४८३००००	१००	१००

८०	**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।कार्यालयबाट देहाय अनुसार मोविलाइजेशन पेश्की रू. २८६२०००।- र उपभोक्ता समिति पेश्की रू. १५०२०००।— र कर्मचारी पेश्की रू. १५००००।- समेत यस आ. व. मा रु. ४५१४०००।- पेश्की प्रदान गरिएको छ । यस मध्ये म्याद समाप्त भएको उपभोक्ता समिति पेश्की रू. १५०२०००।— र कर्मचारी पेश्की रू. १५००००।- समेत रू. १६५२०००।— नियमानुसार फछ्र्यौट हुनु पर्ने रु.	१६५२०००.००

भौ.नं.	मिति	कार्यक्रम	पेश्की लिनेको नाम	पेश्की रकम
मोविलाइजेशन पेश्की				२८६२०००
१०६	२०७७।२।२२	स्वास्थ्य संस्था नभएका वडाहरूमा भवन निर्माण तथा संचालन खर्च	इन्द्रा देबी निर्माण सेवा	७८१०००
२१९	२०७७/०२/२२	बानियाभार समलघारी बाँकी खण्ड सडक कालोपत्रे गर्ने	इन्द्रा देबी निर्माण सेवा	४,४०,०००
१६४	२०७७/०३/२४	स्वास्थ्य संस्था नभएका वडाहरूमा भवन निर्माण तथा संचालन खर्च	चंखेली सप्लायर्स एण्ड निर्माण सेवा प्रा. ल.	१५,५१,०००
उपभोक्ता समिति				१५०२०००
५४	२०७६/११/०२	भट्टी टोल -मान खोला, च्यामा झो.पु, बैजनाथ गाउँपालिका, बाँके	च्यामा झलुङ्गे पुल निर्माण उ. स.	८,००,०००
१४८	२०७६/१२/०३	म्याचिङ फण्ड सम्बन्धी बिबिध कार्यक्रमको लागि लागत सहभागिता	बानियाभार सिचाइ जल उ.स.	१,८०,०००
१८९	२०७७/०१/२९	म्याचिङ फण्ड सम्बन्धी बिबिध कार्यकर्मको लागि लागत सहभागिता	झिगौरा बाँध सिंचाइ जल उ. स.	२,७२,०००
११२	२०७७/०२/३०	भट्टी टोल -मान खोला, च्यामा झो.पु, बैजनाथ गाउँपालिका, बाँके	झोलुङ्गे पुल भट्टी टोल उ.स.	२,५०,०००
	व्यक्तिगत			१,५०,०००

२५२	२०७६/१०/१६	लागु औषध दुर्व्यशनी न्यूनीकरण सम्बन्धी तालिम	धन बहादुर नेपाली	१,३०,०००
३२२	२०७६/११/२२	आमा सुरक्षा कार्यक्रम	तिलक खत्री	२०,०००
		कूल जम्मा		४५१४०००

कोभिड-१९ तर्फ

८१ कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार रू.३ करोड २ लाख ८६ हजार आम्दानी गरी सोही अवधिमा रू.२ करोड ५६ लाख खर्च भएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू.४६ लाख ८६ हजार बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	२०७७ आश्विन मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम	२०७७ आश्विन मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट			राहात वितरण	९२९०	
प्रदेश सञ्चित कोषबाट			क्वारेन्टिन /होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	०	११६
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	२६५७५		आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	१०६२६	८०८
संघीय कोभिड कोषबाट	१४६९	१०००	जनशक्ति परिचालन	१२७८	१५६३
प्रदेश कोभिड कोषबाट	१०००		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१७५०	५१३
अन्य स्रोतबाट प्राप्त	१२४२		अन्य शीर्षकमा भएको खर्च	२६५६	८९१
मौज्दात		४७१२	बाँकी	४६८६	१८२१
जम्मा	३०२८६	५७१२	जम्मा	३०२८६	५७१२

८२ **जोखिम भत्ताः** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्टयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टिनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ ।कार्यालले अग्रपंतिमा खटेका ६५ जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारी गरी ६५ जनालाई रू. १२ लाख ७८ हजार १ सय ४० खर्च लेखेको छ ।

क्रस	जोखिम भत्ता पाउने पदाधिकारी	कर्मचारी वा पदाधिकारी संख्या	भत्ताको प्रकार	२०७६।७७ सम्म खर्च रकम	कैफियत
१	स्वास्थ्यकर्मी प्रशासनिक कर्मचारी	६५	जोखिम भत्ता	१२७८१४०	
जम्मा		६५		१२७८१४०	

८३ **परीक्षणः** कार्यालयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्म २२६५ पीसीआर परीक्षण गर्दा ९२ जना मात्र संक्रमित फेला परेको देखिन्छ । परीक्षण सक्रमितको संख्या देहाय अनुसार रहेको देखिन्छ ।

महिना	सबै क्षेत्रमा गरेको कुल परीक्षण संख्या		Priority-1क्षेत्रमा गरेको परीक्षण संख्या		Priority-2क्षेत्रमा गरेको परीक्षण संख्या	
	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या
२०७६ चैत्र	०	०				
२०७७ वैशाख	०	०				
२०७७ जेष्ठ	११४०	९०				
२०७७ असार	११२५	२				

८४ **क्वारेन्टिन र आइसोलेसन व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरूको व्यवस्थापनको लागि २२ वटा क्वारेन्टिन तयार गरेकोमा देहायको सख्यामा क्वारेन्टिनमा बस्ने मानिसहरूको संख्या रहेको देखिन्छ । उक्त २२ वटा केन्द्रको निर्माण र क्वारिन्टाइनमा रहेका व्यक्तिहरूको खर्च १ करोड ०६ लाख २६ हजार १ सय ०२ रहेको छ ।

कस	यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम	निर्माण खर्च	बेड संख्या	क्वारेन्टिनमा बस्नेहरूको संख्या		सञ्चालन व्यवस्थापन प्रयोजनको खर्च
				दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म क्वारेन्टिनमा बस्नेको संख्या	
१	सुर्योदय मा.वि. वडा नं. १				२५४	
२	सरस्वती आ.वि. वडा नं. २				७८	
३	जनता आदर्श मा.वि. वडा नं. २				२८०	
४	नेपाल राष्ट्रिय मा.वि. वडा नं. २				४२	
५	सरस्वति प्रा.वि. वडा नं. २				५०	
६	दिलराम प्रा.वि. वडा नं. २				४६	
७	सरस्वती आ.वि. वडा नं. ३				१८७	
८	ने.वि.मा.रा. वडा नं. ३				८९	
९	विमेमोरियल .पि. वडा नं. ४				१३०	
१०	ने.वि.मा.रा. वडा नं. ४				६७	
११	प्रभात मा.वि. वडा नं. ५				१८२	
१२	सुन्दर आ.वि. वडा नं. ५				७५	
१३	सिंहभवानी आ.वि. वडा नं. ५				३६	
१४	ने.वि.मा.रा. वडा नं. ५				६१	
१५	सम्झना आ.वि. वडा नं. ६				९४	
१६	इश्वरी मा.वि. वडा नं. ६				९७	
१७	ने.वि.मा.रा. वडा नं. ६				१०७	
१८	ज्योति आ.वि. वडा नं. ६				६९	
१९	ने.वि.मा.रा. वडा नं. ७				७६	
२०	दुर्गा आ.वि. वडा नं. ८				८	
२१	भगवती मा.वि. वडा नं. ८				१००	
२२	ने.वि.मा.रा. वडा नं. ८				१०७	
	जम्मा					

८५ **आइसोलेसन केन्द्र व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरूको व्यवस्थापनको लागि १ वटा आइसोलेसन केन्द्र तयार गरेकोमा ९२ जना संक्रमित अषाढ मसान्त सम्म आइसोलेसनमा बसेको देखिन्छ ।

क स	यस निकायले तयार वा सञ्चालन गरेको आइसोलेसन केन्द्र नाम	बेड संख्या	आइसोलेसन केन्द्र बस्नेहरूको संख्या	सञ्चालन व्यवस्थापन प्रयोजनको खर्च

			दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरूको कुल संख्या		
१	बनकटवा स्वास्थ्य चौकी	१६	१२	९२	नखुल्ने	

८६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। एउटै स्वास्थ्य सामग्रीको समेत खरिद दर लट अनुसार फरक फरक रहेको देखिन्छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा एउटै सामानको समेत न्यूनतम् र अधिकतम् मूल्यबीच धेरै अन्तर रहेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । कार्यालयले कोरोना सक्रमणबाट बच्न संचालन गरेको क्वारेन्टिनका लागि आवश्यक पर्ने औषधिजन्य सामग्री उपकरण मध्ये मुख्य सामग्री खरिदको विवरण देहाय बमोजिम छ ।

सामानको नाम	सामानको छोटो स्पेशिफिकेशन	परीमा	दर	कुल रकम
पिपीई		५	३५५०	१७७५०
		३	४५००	१३५००
	प्लनष्टिक	१००	२०४	२०४००
		१००	१९००	१९००००
		३०	५३०९	१५९२७०
		५५	५३०९	२९१९९५
माक्स	एन ९५	६०	१५०	९०००
	एन ९५	१०	२२०	२२००
	सर्जिकल	१०००	२७	२७०००
	सर्जिकल	२५००	१०	२५०००
		२००	२५	५०००
		२०००	१५.४	३००८०
पिसीआर किट				
भिटीएम		१००	२३०	२५९९०
आरडीटी किट				
इन्फ्रारेड थर्मोमिटर		१४	११५००	१६१०००
भेन्टीलेटर	छैन			
आई सी यू बेड/सर्जिकल बेड		१५	८४०७.७	१२६१०६
,,		१५	९७३४.५२	१४६०१७.८०
पिसीआर मेशीन	छैन			

८७ **केश अनुसन्धान तथा कन्याक्ट खोजपड्तालः** गाउँपालिकाले केश अनुसन्धान तथा कन्ट्याकट खोजपड्तालको लागि ३ सदस्यीय टीम परिचालन गरी ५५ वटा केश अनुसान्धान गरेको छ । उक्त

अनुसान्धानबाट कन्टयाक्टमा आएका व्यक्तिहरूको पहिचान संख्या ५५ वटा रहेकेमा ५५ जनालाई नै सामान्य परामर्श, फलोअप गरेको, ५५ वटा नमूना संकलन गरी द्रुत परीक्षण गरेको विवरण पेश गरेको छ ।

स्थानीयतहको नाम	टीमको सदस्य संख्या	खर्च रकम	केश अनुसन्धान संख्या	कन्टयाक्टमा आएका व्यक्तिहरूको पहीचान संख्या	सामान्य परामर्श, फलोअप तथा रेफर संख्या	नमूना संकलन वा द्रुत परिक्षण संख्या
बैजनाथ गाउँपालिका	३		५५	५५	सामान्य परामर्श संख्या ५५	५५

८८ **राहात सामग्रीको खरिद र वितरणः** कार्यालयले देहाय अनुसार राहत सामग्री रु. ९२८९९९८।०० मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ ।एउटै सामानको प्रति एकाइ मूल्य फरक फरक राखेर सामग्री खरिद गरी वितरण गरेको देखिन्छ ।

राहत सामग्री	ईकाइ	खरिद परिमाण	प्रतिईकाइ दर	वितरण परिमाण	बाँकी परिमाण
चामल	के.जि.	१४४१९५	३९ देखि ४०.	१४४१९५	
दाल	के.जि.	१४२४६	१०९ देखि ११०	१४२४६	
खाने तेल	लि.	९५२४	१७८ देखि १८०	९५२४	
नुन	प्याकेट	९५२०	२२ देखि २५	९५२०	
साबुन	वटा	१९९३८	२०	१९९३८	
जम्मा					

८९ **वार्षिक प्रतिवेदन** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

९० **अनुगमन तथा सम्परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
६६०५०७०५.२४	१५२५०५३५.२९	५०८००१६९.९५

९१ यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	५३.१	दल बहादुर सुनार पेश्की				२००००	२००००
२	,,	५३.२	निम बहादुर थापा पेश्की				८००००	८००००

३	,,	५३.३	श्री जनआदर्श मा.वि बैजनाथ पेश्की				१५०००००	१५०००००
४	,,	५३.४	श्री एच.बि.पी. कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि पेश्की				७५००००	७५००००
५	,,	५३.५	श्री नविन निर्माण सेवा एण्ड सप्लायर्स पेश्की				६०००००	६०००००
६	,,	५३.६	वडा कार्यालय घेरावार उपभोक्ता समिति पेश्की				२७०००	२७०००
७	,,	५३.७	उपभोक्ता समिति पेश्की				२९१०००	२९१०००
८	,,	५३.८	उपभोक्ता समिति पेश्की				२९१०००	२९१०००
९	,,	५३.९	२ कोठा भवन निर्माण पेश्की				१९०००	१९०००
१०	,,	५३.१०	एम.के. कन्ष्ट्रक्सन पेश्की				१७६००००	१७६००००
११	,,	४७	विधालय भुकम्पीय सुरक्षा कार्यक्रम दफा ५३.३ सँग दोहोरो परेको		१५०००००			१५०००००
१२	,,	३४	बहुउद्देश्यीय सभाहलको म्यद थप		४१२५३५.२९			४१२५३५.२९
१३	,,	५०	हेजार्ड भत्ता भुक्तानी		२९३७५			०
१४	२०७५।७६	३६	यूवा स्वरोजगार घुम्तीकोष	४००००००				४००००००
१५	२०७५।७६	६६.५	नबकिरण बहुउद्धेश्यीय संस्थालाई पेश्की				४००००००	४००००००
			जममा	४००००००	१९४१९१०.२९	०	९३३८०००	१५२५०५३५.२९

९२ **अद्यावधिक बेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
५०८००१६९.९५	०	७४१४७६८०.२०	०	१२४९४७८५०.१५

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६।७७

(रू. हजारमा)

स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
		गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
		१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११(१+६-१०)
बैजनाथ गाउँपालिका	बर्दिया	९९३२८	४०१३१४	१०९७७३	२६८०३	२००२२०	८३७४३८	२९७४४६	१७४७८०	२०७८५५	६८००८१	१५७३५७

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धा	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
बैजनाथ गाउँपालिका	बर्दिया	७५	१४	७४१४८	०	०	०	७५	१४	७४१४८	३८६	८१६३	६०९२	०	०	१४२५५	१५०	५९३५७	५९५०७

बेरुजूको अद्यावधिक स्थिति

(रू. हजारमा)

गत वर्ष सम्मको बाँकी	यस वर्ष फछ्र्यौट	बाँकी बेरुजू	यस वर्षको स.प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी
६६०५२	१५२५१	५०८०१	०	७४१४८	१२४९४९